# १ त्री-एक परमेश्वर

*यस अध्ययनको निम्ति देहायका पदहरू पढ्नुहोस्:* व्यवस्था ६:४, फिलिप्पी २:६, मत्ती २८:१९, उत्पत्ति १:२६, यूहन्ना १४-१६।

*स्मरण गर्नुपर्ने पद:* "प्रीय मित्रहरू, तपाईंहरूमा भएको अत्यन्त महान् पवित्र आस्थाको बिकासको निम्ति अग्रसर हुनुहोस्। जव तपाईंहरूले प्रार्थना गर्नुहुन्छ तब त्यस वखत पवित्र आत्माको अगुवाई र सहायताको अपेक्षा गर्नुहोस्। हाम्रा प्रभु येशू ख्रीष्टको कृपा तथा सदाशयताले तपाईंहरूलाई अनन्त जीवन उपलव्ध गराउनेछ। जब तपाईंहरू उहाँको कृपाको प्रतिक्षामा रहनुहुन्छ तब परमेश्वरको प्रेममा लागिरहनुहोस्।" (यहूदा २०,२१ रूपान्तरित)

*मूल बिचार:* एकमा तीन (त्रीएक) हुनुभएको परमेश्वर हुनुहुन्छ भनेर बाइबलले सिकाउँदछ। सनातनका परमेश्वर परमपिता, पुत्र र पवित्र आत्मा तिनै व्यक्तित्व एक परमेश्वर हुनुहुन्छ भनेर बाइबलको शिक्षा हो।

यथार्थमा भन्ने हो भने त्रीएक परमेश्वर भन्ने शव्द बाइबलमा उल्लेख गरिएको छैन। तर त्यस बिषयमाचाहिँ सिकाइएको छ। त्रीएक परमेश्वरको धार्मिक शिक्षाले परमेश्वर एक हुनुहुन्छ र तिन व्यक्तित्वहरूको समावेशी परमेश्वर हुनुहुन्छ। यो अत्यन्त संवेदनशील र महत्त्वपूर्ण विषेश धार्मिक शिक्षा हो। परमेश्वर को हुनुहुन्छ, उहाँ कस्तो हुनुहन्छ, उहाँ कसरी क्रियाशील हुनुहुन्छ र संसारसँग उहाँको सम्वन्ध कसरी जोडिएको छ भनेर त्यस शिक्षाले औंल्याउँछ। मुक्तिको योजनामा ख्रीष्टको परमेश्वरीय चरित्रले अत्यन्त प्रमूख भूमिका खेलेको हुन्छ।

तिन व्यक्तित्व एकै भएको भन्ने धर्मदर्शनको बारेमा बाइबलले तीन प्रकारले प्रमाणित गरेको छ: (१) यसले परमेश्वरको एकतालाई सिकाउँदछ अर्थात् परमेश्वर एकै हुनुहुन्छ (२) तीन व्यक्तित्वहरू हुनुहुन्छ तर ती तिनै परमेश्वर हुनुहुन्छ भनेर देखाउँदछन् (३) र तीन-एकैमा समावेश भएर एकवद्धता भएको परमेश्वरको बारेमा पनि बाइबलले इङ्गित गर्दछ।

पिता, ख्रीष्ट र पवित्र आत्माका विविध चरित्रले पनि परमेश्वर को हुनुहुन्छ भनेर देखाउँदछ। ती तीनै व्यक्तित्व परमेश्वरको चरित्र

हो। तर हामी पापी स्वभाव भएको मानिसको दिमागमा यस बिषयलाई कोट्याएर बुझ्न खोज्नु अत्यन्त जतिल छ। "स्वर्गका सनातन शासकहरू-पिता र ख्रीष्ट र पवित्र आत्मा हुन्" भनेर त्रीएक परमेश्वरको विषयमा एलेन जी ह्वाइटले सम्वोधन गर्छिन्। (इभान्जलिजम, पृ. ६१६बाट रूपान्तरित)। उहाँहरू एकै तहमा बराबरीमा हुनुहुन्छ तर चरित्रमा फरक छन्।

यो त्रीएक परमेश्वरको धर्मदर्शनलाई लिएर सुरूका केहि एडभेन्टिस्टहरूले संघर्ष गर्नुपरेको थियो। तर तिनीहरूको संघर्षको निचोडबाट सिकेर हाम्रो चर्चले यस विषयमा दृढतापूर्वक सर्वमान्य सिद्धान्तलाई अपनाएका छन्। सेभेन्थ-डे एडभेन्टिस्टको मौलिक सिद्धान्तको दोश्रो बुँदामा यसरी लेखिएको छः

"परमेश्वर केवल एक हुनुहुन्छः पिता, पुत्र र पवित्र आत्मा। ती तिन व्यक्तित्व एक भएर आदि अनादिकालदेखि अवस्थित हुनुभएको छ।"

## १. हाम्रो परमेश्वर एक हुनुहुन्छ (प्रस्थान ३:१३-१५)

बाइबलको समयमा अद्वैतवादात्मक अर्थात् एक ईस्वरबादी विश्वासप्रणाली हिब्रूहरूमा थियो। अङ्ग्रेजीमा Monotheistic मोनोथिएस्तिक भनिन्छ। Mono (मोनो) भन्ने शव्द ग्रीक भाषाबाट आएको हो। यसको अर्थ "एक" हो र theistic (थियस्टिक) को अर्थ परमेश्वर हो। अर्थात् सत्य परमेश्वर एकमात्र हुनुहुन्छ। पुरानो करारभरि यो दृष्टिकोणमा कहिले पनि परिवर्तन आएको आभास दिएको छैन। एउटै परमेश्वर हुनुहुन्छः अब्राहम, इसाहक र याकूबका परमेश्वर। इस्रायलका राज्यका वरिपरि रहेका राष्ट्र तथा जातीहरूले विश्वास गरेका धेरै देवताहरू जस्ता उहाँ हुनुहुन्न। यो सन्दर्भमा बाइबलको समयमा यहूदी धर्मको आफ्नै विषेशता थियो।

परमेश्वरले आफूलाई कसरी सम्वोधन गर्नुभएको छ भनेर प्रस्थान ३:१३-१५ले देखाउँदछ? परमेश्वर एक हुनुहुन्छ भनेर ती पदहरूले कसरी सङ्केत गर्दछन्?

परमेश्वर एक हुनुहुन्छ भन्ने धारणा व्यवस्था ६:४ले पनि जनाएको छ। विषेश रूपमा त्यस पदलाई यहूदीहरूले Shema अर्थात् शेमा भनिन्छ। हिब्रू भाषामा शेमाको अर्थ सुन्नु हो र त्यस पदको सुरूमा "सुन्" भनेर उल्लेख गरिएको छ। जुन रूपमा शेमा (Shema) शव्द रचिएकोछ त्यसमा परमेश्वरको बारेमा महान् सत्यहरू समावेश भएका

छन्। इस्रायलका जातीहरूलाई यस सत्यलाई विश्वास गर्न र आफ्ना सन्तानहरूलाई सिकाउन निर्देशन दिइएको थियो।

“सुन्, हे इस्रायलीहरू होः हाम्रो प्रभु परमेश्वर, एक प्रभु हुनुहुन्छ" (व्यवस्था ६:४)। उत्पत्ति २:२४सँग यस पदलाई तुलना गर्नुहोस्, “त्यसैकारण पुरुषले आफ्ना पिता र मातालाई छोडेर आफ्नी श्रीमतीसँग एक हुनुपर्दछ। ती दुवै एक हुन्। ती दुवै पदहरूमा हिब्रू शव्द “एक"को अर्थलाई कसरी वाख्या गर्न खोजिएको छ?

श्रीमान् र श्रीमती एक हुने धारणालाई वाख्या गर्न हिब्रूमा एकाड (echad) शव्द प्रयोग गरिएको छ। व्यवस्था ६:४मा परमेश्वरलाई सम्वोधन गरिएको शेमा (Shema)को पर्यायवाची वा समान शव्द एकाड पनि हो। यस एकाड शव्दले खास गरेर गुणात्मक शंख्यालाई सम्वोधन नगरी पूर्ण एकरुपतालाई वाख्या गर्न प्रयोग गरिन्छ। संयुक्त रूपमा एक भएर जुट्नु नै एकाडको वास्तविक अर्थ हो। मानिसमा विभिन्न भागहरू हुन्छ भनेर स्विकार गरिएतापनि एकाड भन्ने शव्दले ती भागहरूलाई एकताको सूत्रमा बाँड्नु भन्ने अर्थ बुझाउँछ। उत्पत्ति २:२४मा पती र पत्नी दुई जीउ भएतापनि जसरी व्यवस्था ६:४मा परमेश्वर एक हुनुहुन्छ त्यसरी नै ती जोडी एक हुन् भनेर औंल्याइएको छ। (अर्थात् श्रीमान र श्रीमतीको एकतालाई बुझ्न कसैलाई कठिन छ वा तिनीहरू एकै स्वर र स्वभावमा समानता हुनुपर्छ भन्ने कुरा नबुझ्नेले नदेखेको परमेश्वरको बारेमा कसरी बुझ्न सक्छन् र? हाम्रो समाजमा श्रीमतीलाई अर्धाङ्गिनी भनेर सम्वोधन गरिन्छ। तर व्यवहारमा नारीलाई दोश्रो वा पिछडिएको वर्गको रूपमा हेरिएको कुरा हामी मध्ये कसलाई थाहा नहोला?-अनुवादकको प्रतिक्रिया)।

नयाँ करारमा पनि परमेश्वरको एकतालाई सम्वोधन गरिएकोछ। त्यसलाई हामीले कसरी बुझ्ने? हेर्नुहोस्ः याकूब २:१९ र १ कोरन्थी ८:४।

परमेश्वर एक हुनुहुन्छ भन्ने आत्मज्ञानले मूर्तीपूजा गर्ने पासोबाट हामी कसरी उम्किन सक्दछौं? किन त्यहि सनातन परमेश्वरमात्र एक हुनुहुन्छ भनेर स्वीकार गरेर उहाँकोमात्र आराधना वा उपासना गर्ने? तपाईंको जीवनमा यस्ता कुनै मूर्तीहरू छन् वा परमेश्वरको ठाउँमा प्राथमिकता पाएकाछन्, त्यसबाट हट्न कस्तो उपायहरू अपनाउन सक्नुहुन्छ?

## २. येशू ख्रीष्ट परमेश्वर (फिलिप्पी २:६)

सनातन परमपिताको परमेश्वरपनालाई कसैले पनि हतपत प्रश्न गरेको पाइन्दैन। ती त्रीएक परमेश्वरको बारेमा तर्कवितर्क गर्दा ख्रीष्टको परमेश्वरपनालाई प्रायजसो चुनौती दिएको पाइन्छ। तर याद गर्नुहोस्, यदि ख्रीष्ट सनातन होइन र पूर्ण रूपमा परमेश्वर पनि होइन भने, मुक्तिको योजनाको प्रतिष्ठामा खतराको घण्टी बज्न जाने सम्भावना हुन्छ। (यस सम्वन्धी यस अध्यायको पाँचौ बुँदा हेर्नुहोस्)।

पावल एक जमानामा कट्टर यहूदी धर्मका गुरू थिए। उनी फरिसी थिए (नेपाली परिप्रेक्ष्यमा स्वामी भनेर सम्वोधन गरिने व्यक्तित्व भन्दा अत्युक्ति नहोला)। उनी पुरानो करार वा ओल्ड टेस्टामेन्टको ज्ञानमा पोख्त थिए। इसाईहरूको खिलाफमा उनले विष वमन गरेका थिए र तिनीहरूलाई अन्धाधुन्ध संहार गर्न नेतृत्व लिएका थिए। तर जब उनले डमस्कसको बाटोमा येशूबाट दर्शन पाए (प्रेरित ९) तब उनको अध्यात्मिक जीवनमा फनक्क परिवर्तन आयो। येशूप्रति घृणाले अन्धोभएको पण्डित पावल जब उहाँमा तल्लिन हुन पुगे तब येशूको परमेश्वरत्वको धारणाको बारेमा उनले आफ्नो भावना कसरी व्यक्त गरे? हेर्नुहोस्: फिलिप्पी २:६।

परमेश्वर एक मात्र हुनुहुन्छ वा एकेश्वरबाद सिकाउने पुरानो करारको शिक्षण प्रणालीमा पावल हुर्केका थिए। एकेश्वरबादलाई विश्वास गरेर नै उनी फरिसी पण्डित हुन पुगेका थिए। यस्तो व्यक्तित्वले ख्रीष्टलाई परमेश्वरको स्वरूप (फिलिप्पी २:६) भनेर सम्वोधन गर्नु कुनै पनि एकेश्वरबादी यहूदीको निम्ति अत्यन्त आपत्तिजनक थियो। येशूप्रति पावलका त्यस धारणाको पराकाष्टामा पुग्नुको अर्थ एउटैमात्र थियो, ख्रीष्ट परमेश्वर नै हुनुहुन्छ भन्ने प्रतिवद्धता र निष्ठामा उनी अडिग हुन पुगेका थिए।

पावल जस्तै कट्टर एकेइश्वरबादी वा अद्वैतवादी भएका यहूदीहरूको निम्ति पावलले हिब्रूको पुस्तक लेखेका थिए। त्यस पुस्तकमा धेरै कडा पदहरूले परमेश्वरको पुत्र ख्रीष्ट पनि परमेश्वर नै हुनुहुन्छ भनेर औंल्याउँछन्। ख्रीष्टको स्वभावमार्फत परमेश्वरको स्वभाव हुनुहुन्छ भनेर प्रभावकारी र स्पष्ट रूपमा पावलले हिब्रू १:८,९मा रहस्योदघाटन गरेकाछन्।

आफ्नो परमेश्वरिय चरित्रलाई देखाउँदै मानव रूपमा आउनुभएको येशू आफू पनि परमेश्वर हुनुहुन्छ भन्ने आत्मज्ञानमा पक्का हुनुभएको थियो भन्ने विषय अत्यन्त महत्त्वपूर्ण रूपमा लिनुपर्दछ। तर

उहाँ आफू परमेश्वर हुनुहुन्छ भन्दै घोषणा र प्रचार गर्दै येरुशलेमका शहरका बाटोघाटोमा हिँड्नुभएन। तर येशूले आफूलाई कसरी बुझ्नु भएको थियो भनेर देखाउन धेरै प्रमाणका धागोहरूले चार सुसमाचारका पुस्तकहरू बुनिएकाछन्। केवल परमेश्वरमा भएका चरित्र वा गुणहरू र शक्ति आफूसँग पनि छ भनेर येशूले बराबर दावी गर्नुभएको थियो। परमेश्वरका स्वर्गदूतहरू आफ्ना पनि स्वर्गदूतहरू हुन् भनेर दावी गर्नुभएको थियो (मत्ती १३:१४)। पाप क्षमा गर्ने परमेश्वरको अधिकार आफ्नो पनि छ भनेर धर्मगुरूहरूलाई चुनौती दिनुभएको थियो (मर्कूस २:५-१०)। संसारलाई न्याय गर्ने अधिकार आफूमा रहेको छ भनेर दावी गर्नुभएको थियो (मत्ती २५:३१-४६)। ती दावीहरू परमेश्वर बाहेक अरू कसैले गर्ने हिम्मत छैन।

सनातनका परमप्रभु परमेश्वरमा मात्र निहित रहेको आराधनालाई (प्रस्थान २०:१-३) विभिन्न मानिसहरूले येशूलाई पनि चढाउँदा उहाँले स्विकार गर्नुभएको थियो देहायका सुसमाचारका पुस्तकहरूमा कसरी जानकारी दिइएकोछ भनेर समीक्षा गर्नुहोस्: मत्ती १४:३३, २८:९, लूका २४:५०-५२ र यूहन्ना ९:३५-३८। बाइबलका प्रखर पण्डित र सुसमाचार प्रचारक पावललाई पनि मानिसहरूले पूजा गर्न खोजेका थिए, तर उनले अश्विकार गरे। उनको यो कार्यलाई येशूसँग तुलना गर्नुहोस् (प्रेरित १४:८-१८)। येशूले ग्रहण गर्नुभएका मानिसका आराधना र उपासनाले उहाँ परमेश्वर हुनुहुन्छ भनेर कसरी स्पष्ट रूपमा हामीलाई बुझाउँछन्?

येशूलाई पक्रेर मूल पुजारीको अध्यक्षतामा रहेको धार्मिक सभामा उहाँलाई उभ्याइएको थियो। उहाँको बिरुद्धमा लगाइएका आरोपहरूमा आफू परमेश्वरको पुत्र हुनुहुन्छ भनेर उहाँले दावी गर्नुभएको एक मूल आरोप थियो (यूहन्ना १९:७, मत्ती २६:६३-६५)। यदि आफू परमेश्वर हुँ भनेर नसोचेको भए त्यस सभामा आफू को हुँ भनेर दावी गरेको गलत सच्याउन उहाँलाई महान् अवसर मिलेको थियो। तर त्यस अवसरलाई उहाँले प्रयोग गर्नुभएन। किनभने उहाँले गर्नुभएको दावीलाई सच्चाउने कुनै आधार थिएन। जब परमेश्वरको नाउँमा शपथ खान्दै केफास मूल पूजारीले उहाँलाई के उहाँ परमेश्वरको पुत्र ख्रीष्ट हुनुहुन्छ भनेर केरकार गर्दा आफ्नो परमेश्वरत्वलाई समर्थन जनाउनुभएको थियो। ख्रीष्ट परमेश्वर हुनुहुन्छ भनेर बाइबलमा देखाइएको ज्वलन्त तथा प्रभावकारी प्रमाण त्यस

न्यायिक धार्मिकसभामा येशू र मूल पूजारीको बीचमा भएको टक्करले देखाउँदछ।

येशूको जीवनको बारेमा केहि समय लिएर ध्यान गर्नुहोस्। सारा जगतका सृष्टिकर्ता परमेश्वर येशू नै हुनुहुन्छ भन्ने तथ्यलाई गहिरिएर सोच्नुहोस्। परमेश्वरले यस संसारलाई प्रेम कसरी गर्नुभएको छ भनेर येशूको परमेश्वरत्वले कसरी देखाउँदछ? यो अचम्मको आत्मज्ञानले के तपाईंलाई सान्त्वना र आशा दिंदैन र?

## ३. पवित्र आत्मा (उत्पत्ति १:२)

बाइबलके सुरुमा देखापर्नुभएको पवित्र आत्माको बारेमा उहाँको काम के रहेछ भनेर कसरी देखाउँछन्? हेर्नुहोस्: उत्पत्ति १:२।

त्रीएक परमेश्वरको बारेमा मत्ती २८:१९मा कसरी स्पष्टरूपमा देखाइएकोछ?

नयाँ विश्वासीहरूले बप्तिस्मा कसरी लिनुपर्दछ भनेर निर्देशन दिनुहुँदा येशूले परमेश्वरका तिन व्यक्तित्वहरूका नामहरू तोक्नुभएको थियो। यहि योजना मुताविक आज पनि धेरै इसाईहरूले बप्तिस्मा लिइरहेकाछन्। तर रोचकपूर्ण कुरो त के छ भने जब मानिसहरूले येशूलाई पछ्याउन दृढता प्रकट गर्दछन् तब तिनीहरू परमेश्वरको नाउँमा बप्तिस्मा लिन्छन्, नाउँहरूमा होइन। येशूले भन्नुभयो: “पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ।" (मत्ती २८:१९)। नाउँहरू भनेर उहाँले तोक्नु भएन। ग्रीक शव्दमा “नाउँ" एक वचन हो, बहुवचन होइन। त्यस नाउँमा तिनै व्यक्तित्वहरू समावेश भएकाछन्। ती तिन व्यक्तित्वहरू परमेश्वर हुनुहुन्छ र एक भएर क्रियाशील हुनुहुन्छ।

जब येशूले बप्तिस्मा लिनुभयो त्यसबेला त्रीएक परमेश्वरका तिनै व्यक्तित्वहरू एक ढिक्का भएर सरिक हुनुभएको थियो। येशूको बप्तिस्माको बारेमा प्रभावकारी वयान मर्कुस १:९-११मा पढ्नुहोस्। स्वर्ग “फाटियो वा उघ्रियो" भनेर येशूको बप्तिस्मामा कसरी सारा स्वर्गले भाग लिएको थियो भनेर मर्कूसले चित्रण गर्दछन्। त्यस पुण्य समयमा परमेश्वरका तिन सदस्यहरूतिर हाम्रो ध्यान मर्कूसले आकर्षित गर्दछन्। त्रीएक परमेश्वरको रहस्यलाई अचम्म तरिकाले त्यसबेला प्रकट गरिएको थियो।

येशूको सन्दर्भमा भन्ने हो भने पवित्र आत्माको काम परमेश्वरको कार्यसम्मत अनुसार चलेको थियो। देहायका उदाहरणहरूले येशूको जीवनमा पवित्र आत्मा कसरी सरिक हुनुभएको थियो भनेर खुलाउँछन्ः

१. येशूको जन्मको सूचना दिँदै स्वर्गदूतले मरियमलाई उनको बालक “पवित्र" भनेर कहलाइनेछन् भनेका थिए। पवित्र आत्मा मरियममा आउनुहुने भएको कारणले नै उनमा भएका बालक पवित्र कहलाउनु भएको थियो (लूका १:३५)।
२. परमेश्वरको आत्मा आफूमा छ भनेर येशूले भन्नुभएको थियो। यहि दावीले गर्दा परमेश्वरको बारेमा प्रचार गर्ने अधिकार उहाँलाई भएको थियो (लूका ४:१८)।
३. परमेश्वरको आत्माको शक्तिले अशुद्ध आत्माहरूलाई येशूले धपाउनु भएको थियो (मत्ती १२:२८)।
४. जब येशू ख्रीष्ट स्वर्गमा जानुहुनेछ त्यसपछि उहाँको काम सुचारू राख्न पवित्र आत्मालाई जिम्मा दिएको थियो। ख्रीष्ट जस्तै उहाँ अर्को सल्लाहकार वा परमेश्वरतिर ध्यान केन्द्रित गर्ने विवेकको आवाज हुनुहुन्छ (यूहन्ना १४:१६)।
५. आफ्ना चेलाहरूलाई सुसमाचार फैलाउने अधिकार दिनुहुँदै येशूले तिनीहरूमा पवित्र आत्मा फुकिदिनुभएको थियो (यूहन्ना २०:२२)।
६. पवित्र आत्मा (यूहन्ना १४:१७) र येशूको आत्माको अगुवाई नयाँ विश्वासीहरूले पाउनेछन् (गलाती २:२०, कलस्सी १:२७) भनेर वचन दिइएकोछ।

एक आपसको सेवाकार्यमा ख्रीष्ट र पवित्र आत्मा संयुक्त रूपमा मिलेर काम गर्नुहुन्छ। पवित्र आत्मालाई परमेश्वर नै भनेर सम्वोधन गरिएका बाइबलमा केहि पदहरू छन्। उदाहरणमा प्रेरित ५:१-११ पढ्नुहोस्। त्रीएक परमेश्वरमा पवित्र आत्मा पनि समावेश भएकाछन् भनेर ती पदहरूले कसरी खुलाउँछन्?

## ४. एकजुट र बराबरी (उत्पत्ति १:२८-२७)

परमेश्वर एक (एकाड echad) हुनुहुन्छ भनेर बाइबलले सफासँग स्पष्ट पारेको छ। यद्यपि परमेश्वर तिन व्यक्तित्वहरू समेतिएको एकमना परमेश्वर हुनुहन्छ भनेर पनि बाइबलले प्रस्तुत गरेको पाइन्छ। अरू धेरै सत्यदर्शन (शिक्षा वा सन्देश) जस्तै यो दर्शनलाई पनि नयाँ करारमा खुलस्त रूपमा देखाएको छ।

तिन परमेश्वर एकमना, एकमुखे तथा एकनिष्ठ हुनुभएको थियो भनेर उत्पत्ति १:२६,२७ले कसरी देखाउँदछ?

त्रीएक परमेश्वर एकैमा समावेश हुनुभएको थियो भनेर उत्पत्ति ११:५-८ पदहरूमा पनि देखाइएको छ। जब मानिसहरूले आकास छुने गगनचुम्वी धरहराको निर्माण गर्दै थिए, त्यसबेला परमेश्वरले बोल्नुभएको थियो। यहाँ "परमप्रभु तल ओर्ल्हनुभयो" साथै "पारिदिऔँ" भनिएको छ। यसको अर्थ परमेश्वर "हामी" मध्ये एक भएर बोल्नुभएको थियो।

फेरि यशैया ६:८ले पनि त्रीएक परमेश्वरको अस्तित्वको बारेमा कसरी आभास दिन्छ?

पत्रुसले पेन्टिकोस्टको समयमा प्रवचन दिँदा येशू त्रीएक परमेश्वरमध्ये एक हुनुहुन्छ भनेर सम्वोधन गरेका थिए भनेर नयाँ करारले बताउँछ(प्रेरित २:३३)। पत्रुस यहूदी धर्ममा सत्यनिष्ठ भएका व्यक्ति थिए र अहिले स्वर्गमा बिराजमान हुनुहुने ख्रीष्टको बारेमा उहाँ परमेश्वर नै हुनुहुन्छ भनेर पत्रुसले प्रचार गरेका थिए। मध्यपूर्वमा छरिएका येशूलाई विश्वास गर्ने यहूदी विश्वासीहरूलाई पत्रुसले पत्र लेख्दा त्रीएक परमेश्वरको बारेमा प्रमाण दिएका थिए (१ पत्रुस १:१-३ पढ्नुहोस्)।

मुक्तिको योजनाको बारेमा सिकाउनुपर्दा त्रीएक परमेश्वरको अवधारणालाई पावलले कसरी वाख्या गर्दछन्, हेर्नुहोस् १ कोरन्थी १:२०-२२ र २ कोरन्थी १३:१४?

सिमित दिमाग भएका हामी मानवजातले त्रीएक परमेश्वरको बारेमा सबै कुरा थाहा पाउन हामी सक्षम् छैनौं। परमेश्वरको बारेमा यो अवधारणा बुझ्न सजिलो छैन। सारा जगतका सृष्टिकर्ता परमेश्वरको मामिलामा हामी चिन्तन गरिरहेकाछौं। उहाँको बारेमा सबै कुरा हामीले थाहा पाउनसक्छौं भन्ने तर्क मूर्खतापूर्ण छ। मानवजात भएकोले प्रायजसो कुनै कुराको बारेमा पनि सबै थोक हामीलाई थाहा छैन। सरल भन्दा सरल किसिमको थोकलाई तपाईँ बिचार गर्नुहोस्। (यस अनुवादकको एक जना मित्रसँग भेटभएको थियो। उनले केवल माटोमा मात्र पिएचडी गर्नुभएको थियो र उहाँ रामपुर कृषि क्याम्पसमा अध्यापक हुनुहुन्छ। उहाँलाई पिएचडी प्रदान गर्ने बिद्वानहरूलाई माटोको बारेमा उहाँभन्दा अझ कति थाहा थिए होला?)। कुनै थोकको कुनै भागको बारेमा राम्ररी बुझ्न हाम्रो दिमाग भन्दा बाहिरको कुरो हो। त्यसकारण महान् तेजस्वीमय तथा यशस्विमय, सर्वव्यापी र

सर्वशक्तिमान परमेश्वरको बारेमा बुझ्न झन कठिन हुने त स्वभाविकै मान्नुपर्दछ ।

## ५. त्रीएक परमेश्वर र मुक्तिको योजना (यूहन्ना १४-१६)

परमेश्वर एक हुनुहुन्छ भनेर यूहन्नाको सुसमाचारले बिषेश गरेर जोड दिइएको पाइन्छ। परमेश्वर एक हुनुभएतापनि उहाँ तिन व्यक्तित्व एकढिक्का भएको भनेर उनलाई थाहा थियो।

यूहन्ना १४देखि १६ अध्याय पढ्नुहोस्। यसमा येशूले गर्नुभएको प्रार्थना समावेश भएको छ। उहाँको प्रार्थनामा परमेश्वरको तिन व्यक्तित्व कसरी उल्लेख गरिएकोछ सो गन्नु होस्। त्रीएक परमेश्वरको अवधारणा कुनै मनगढन्ते वा कुनै दार्शनिक तर्क होइन तर यथार्थता हो भनेर ती पदहरूले हामीलाई कसरी जनाउँ दिन्छन्?

त्रीएक परमेश्वरको समानतालाई बुझाउने स्पष्ट उदाहरणहरू पाइने पद तथा अध्यायहरूमा यूहन्नाको सुसमाचारको पुस्तक एक हो। त्रीएक परमेश्वर एकमना भएर क्रियाशील भइरहेको धारणा ती पदहरूमा पटक पटक दोहोरिएको पाइन्छ। त्रीएक परमेश्वरको शिक्षा वा सिद्धान्त कसैले जथाभावी अनुमान गर्दा निक्लिएको धारणा होइन। न त बाइबलमा पोख्त भएका कुनै पण्डितको कल्पनालाई प्रशोधित गरेर निस्किएको शिक्षा हो। यो शिक्षा बाइबलमा उल्लेखित विभिन्न पदहरूमा आधारित ठोस निष्कर्ष हो।

ख्रीष्टको परमेश्वरिय व्यक्तित्व विशेष चासो र महत्त्वपूर्ण विषय हो। यदि ख्रीष्ट पूर्णरूपमा परमेश्वर नहुनुभएको भए हाम्रो पापको सजायँ केवल अर्को व्यक्तिलाई बोकाएकोमात्र हुन्छ। परमेश्वर आफैले हाम्रो पापको सजायँ भोग्नु भयो भन्ने मार्मिक शिक्षा इसाई जगतमा नौलो भएर खडा हुनजान्छ। परमेश्वर आफैले संसारको पाप क्रुसमा बोक्नुभयो भन्ने आत्मज्ञान नै सारा सुसमाचारको सार हो। यदी यूहन्ना १४-१६का पदहरू (अझ १७ अध्याय पनि) सत्य होइन भने क्रुसमा टाँगिएर येशूले हाम्रो निम्ति बलि हुनुभएको काम अर्थहिन हुनजान्छ। यसले पापीहरूको निम्ति परमेश्वरले तर्जुमा गर्नुभएको मुक्तिको सुन्दर योजनाको अवधारणालाई ध्वस्त पारिदिन्छ।

यो कुरा सोच्नुहोस्: यदि येशू केवल सृष्टि गरिएको व्यक्ति वा त्याग तपस्याबाट सिद्ध हुनपुगेको व्यक्ति भएको भए सम्पूर्ण मानवजातको पापको सजायँ भोग्ने औचित्य के छ त? परमेश्वरले तोक्नुभएको पापको सजायँको पूरा मोल उहाँले कसरी स्वीकार गर्न

सक्नुहुन्छ वा अधिकारै हुन्छ त? परमेश्वरको पवित्र आज्ञाहरूलाई तोड्दा पाउने श्रापलाई बोकेर मानव जगतलाई उद्धार गर्न कुन सृष्टि गरिएको मानिस सक्षम् हुनसक्दछ र, चाहे ती मानिस जतिसुकै धर्मात्मा वा महान् नै किन नहुन्?

यदि येशू परमेश्वर हुनुहुन्न भने परमेश्वरको पवित्र आज्ञा पनि परमेश्वर जस्तै पवित्र हुनसक्दैन र त्यस आज्ञालाई तोडदा मानिसले सजिलैसँग पैसा वा धर्मकर्म गरेर सफाइ पाउन सक्ने हुन्छ। सृष्टि गरिएको मानिस जस्तै मात्र ती आज्ञा पवित्र हुनसक्दछ तर सृष्टिकर्ता परमेश्वर जस्तो पवित्र हुनसक्दैन। यदि कुनै सृष्टि गरिएको व्यक्ति असल वा धर्मात्माको पगरी ओढेर पाप अधर्मको मोल तिर्न सक्छ भने पापको चरित्र उक्त व्यक्तिले त्यस्तो नराम्रो नदेख्ने सक्छ। तर पापको समस्यालाई सुल्झाउन ख्रीष्टको व्यक्तित्वद्वारा पापको सजायँ परमेश्वर आफैले बोक्नुभयो भन्ने कुराले पाप कत्तिको गम्भिर रहेछ भनेर प्रभावकारी रूपमा प्रमाणित गर्दछ।

परमेश्वरले हाम्रो निम्ति गर्नुभएको मुक्तिको प्रतिज्ञा ख्रीष्टको कार्यबाट सम्पन्न हुनेहुँदा परमेश्वर आफैले हाम्रो पापको ज्याला तिरीदिनुभयो भन्ने पुष्टि गर्दछ। यो आत्मज्ञानले हामीलाई यो बताउँछ कि हाम्रो धर्मकर्म वा पुनित कामबाट हामीले मोक्ष पाउँदैनौं। यदि ख्रीष्ट सृष्टि गरिएको व्यक्ति हुनुभएको भए हाम्रो मुक्तिको निम्ति हामीले पनि केहि गर्न सक्थ्यौं होला। तर परमेश्वर, सृष्टिकर्ता आफै हाम्रो पापको निम्ति बली हुनुभयो भनेर थाहा पाउँदा पाउँदै उहाँले सम्पन्न गर्नुभएको काममा केहि अपुग भएकोले हामीले पनि केहि थप्नुपर्छ भन्ने सोचले पनि उहाँलाई अपमान गरिएको हुन्छ। साथै यदि ख्रीष्ट परमेश्वर नहुनुभएको भए उहाँले तिर्नुभएको पापको मोल हाम्रो मुक्तिको निम्ति पर्याप्त नहुनसक्दछ।

एकछिन् सोच्नुहोस्: सारा जगतका सृष्टिकर्ता तपाईंको स्थानमा मर्नुभयो ताकि तपाईंलाई गरेको मुक्तिको प्रतिज्ञा उहाँमा पुरा होस्। अर्थात् तपाईंले अनन्त जीवन पाउन भनेर उहाँ तपाईंको सट्टा मर्नुभयो। यस अचम्मको सत्यले तपाईंलाई कस्तो आशा प्रदान गर्दछ? यो आशाको बिकल्प तपाईंको जीवनमा अरू के छ र?

## उपसंहार:

__थप जानकारी:__ त्रीएक परमेश्वरको सिद्धान्तमा एक परमेश्वर धार्मिक कामको निम्ति तिन अलग व्यक्तित्व भएर सम्पन्न गर्नुभएको पाउँदैनौं।

एउटा समूहमा तिन जना परमेश्वरहरू छन् भनेर हामी मान्दैनौं। एक परमेश्वर उहाँ पनि तिनीहरूसँग बराबारीमा हुनुहुन्छ। उहाँहरू एकमन, एकजुत भएर सधैं काम गरिरहनुहुन्छ। पिता र पुत्रको इच्छा पूरा गर्न पवित्र आत्मा चल्नुहुन्छ। पिता र पुत्रको इच्छा पालन गर्नु पनि पवित्र आत्माको इच्छा हो। यो आफ्नो बारे यो सत्यलाई परमेश्वरले सारा बाइबलमा देखाउनुभएको हामी पाउँछौं।

कतिपय मानिस वा संम्प्रदायहरूले ख्रीष्टको परमेश्वरत्वको विषयमा अन्तरसंघर्ष गर्दछन्। परमेश्वर पिताको इच्छालाई पुरा गर्न मानव येशूले आफूलाई कसरी आत्मसमर्पण गर्नुभयो भन्ने कुरा बुझ्न तिनीहरू संघर्ष गर्दछन्। उहाँ मानव चोला लिएर आउनुभएको र परमेश्वरको इच्छामा आत्मसमर्पण गर्नुभएको नै प्रमाण हो कि उहाँ यथार्थमा परमेश्वर हुनुहुन्न र परमपिता परमेश्वरको दाँजोमा उहाँ तल हुनुहुन्छ भनेर धेरैले बिश्वास गर्दछन्। तर ती तर्कहरूले त्रीएक परमेश्वरको असली अवस्थालाई देखाउँदैन। येशू मानिसको रूप लिएर परमेश्वरको इच्छामा आफूलाई समर्पण गर्नुले अर्थ मुक्तिको योजना कसरी सम्पन्न हुन्छ भनेर देखाउँदछ। येशू मानिस हुनुभएर मृत्युको मुखसम्म आज्ञाकारी हुनु भएको थियो। क्रुसको दर्दनाक मृत्युलाई पनि उहाँले अँगाल्नुभयो (फिलिप्पी २:८ रूपान्तरित)। येशू परमेश्वरको पुत्र पनि हुनुहुन्थ्यो। दु:ख कष्टको भुमरीमा पर्दा पनि कसरी आज्ञाकारी हुन सकिन्छ भनेर उहाँले सिकाउनुभएको थियो। त्यस मामिलामा उहाँ सिद्ध हुनुभयो। अनन्तको मुक्ति उहाँबाटै आउँदछ। जस जसले उहाँलाई बिश्वास गर्दछ र उहाँको आज्ञामा हिँड्छ त्यसलाई उहाँले उद्धार गर्नुहुन्छ (हिब्रू ५:८,९ रूपान्तरित)। मानिस भएर येशूले कसरी लत्रेर मानिसको सेवा गर्नुभयो र परमेश्वरमा अर्पित जीवन बिताउनुभयो भनेर ती पदहरूले बताउँदछन्। परमेश्वरले तर्जुमा गर्नुभएको मुक्तिको योजनमा येशूको सेवा र आत्मसमर्पण अत्यन्त जरुरत थिए। तर ती पदहरूले येशू परमपिता भन्दा तल हुनुहुन्छ वा उहाँ पूर्णरूपमा अनन्तको परमेश्वर होइन भनेर भनेका छैनन्।

"'उहाँको नाउँ इम्मानुयल कहलाइनेछ। ....त्यसको अर्थ परमेश्वर हामीहरूसँग हो।' परमेश्वरको महिमाको ज्ञानको ज्योति येशू ख्रीष्टको अनुहारमा देखिन्छ।' अनन्त कालदेखि नै प्रभु येशू पितासँग एक हुनुहुन्थ्यो। उहाँ 'परमेश्वरको प्रतिरूप हुनुहुन्थ्यो' उहाँमा परमेश्वरको महानता र शक्तिको रूप थियो। उहाँ तेजस्वीमय, यशस्वीमय महिमित भएर चम्कनु भएको थियो। त्यहि महिमालाई

देखाउन येशू यस संसारमा आउनुभएको थियो।"-एलेन जी ह्वाइट, द डिजायर अभ एजेज्, पृ. १९बाट रूपान्तरित।

**चिन्तनमनन:**

क. सेभेन्थ-डे एडभेन्टिस्टको प्रारम्भिक इतिहासमा एडभेन्टिस्टहरू त्रीएक परमेश्वरको बारेमा अत्यन्त बादबिवादमा फसेका थिए। अहिले एडभेन्टिस्ट चर्चले त्यस विषयमा कडा निति अपनाएको छ। समय बित्दै जान्दा सत्य पनि प्रगतिशील हुन्छ भनेर मानेर नै त्रीएक परमेश्वरप्रतिको धारणामा परिवर्तन भएको हो। परमेश्वरले दिँदै गर्नुभएको आत्माज्ञानमा हामी बढदै जानुपर्दछ र आवश्यक भए हाम्रो धारणामा परिवर्तन पनि गर्नुपर्छ भनेर हामीले स्विकार्नुपर्दछ। सत्यप्रतिको ज्ञानमा कसरी प्रगतिशील भएर गएको तपाईंको पनि आफ्नै अनुभवमा पाउनुभएको छ? जुन कुराहरू एक जमानामा विश्वास गर्नुभएको थियो, ती कुराहरू मध्ये के के कुराहरू अहिले तपाईं विश्वास गर्नुहुन्न?

ख. यूहन्ना ८:५८मा येशूले यसरी भन्नुभएको छः "मैले जे कुरा भन्न गइरहेको छु त्यो सत्य हो। अब्राहम जन्मनुभन्दा अघि म छु" (रूपान्तरित)। ख्रीष्टको परमेश्वरियपनालाई त्यस पदले कसरी प्रभावकारी रूपमा खुलासा गरेको छ?

**सारांश:** यदि हामीले सेवा गर्ने सनातनका महान् परमेश्वरप्रतिको प्रेममा हामी गहिरोसँग डुव्न चाहन्छौं भने उहाँले आफ्नो बारेमा के भन्नुभएको छ सो पहिला बुझ्न खोज्नु पर्दछ। त्रीएक परमेश्वर रहस्यमय हुनुहुन्छ। तर बाइबलमा धेरै यस्ता रहस्यहरू छन् जुन गहिरो सत्यहरू हुन्। हामीहरूको सिमित समझशक्तिको आँखा उहाँले खोलीदिनुहुन्छ। नम्रतासाथ घुँडा टेकेर परमेश्वरको बारेमा यसरी सुरक्षितपूर्वक सम्वोधन गर्न सक्दछौं, "सुन्, हे इस्रायलीहरू होः हाम्रा परमप्रभु परमेश्वर एक प्रभु हुनुहुन्छ।'" (व्यवस्था ६:४ रूपान्तरित)।